नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदवार, काठमाण्डौ

(योजना शाखा)

प.सं.: ०७४।७५ यो

च.नं 3६8

मिति:-२०७४।१२।२१

**बिषय : वैदेशिक भ्रमण सम्बन्धमा ।**

**श्री जिल्ला समन्वय समिति, सबै (७७) ।**

**श्री गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, सबै (७५३) ।**

प्रस्तुत बिषयमा बैदेशिक भ्रमण व्यवस्थापन गर्ने सन्दर्भमा अर्को व्यवस्था नभएसम्म बैदेशिक भ्रमणका सबै कार्यक्रमहरु स्थगित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको निर्णयको व्यहोरा यस अघि नै मिति २०७४।११।२३ च.नं. २१६ (जनशक्ति विकास तथा स्थानीय तह कर्मचारी अभिलेख शाखा) बाट पत्राचार भैसकेको व्यहोरा अनुरोध छ ।

नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ (संशोधन सहित) को बुँदा नं. १ मा संघ र स्थानीय तथा प्रदेश र स्थानीय बीचको सम्पर्क र समन्वय गर्ने र बुँदा नं. ८ मा स्थानीय तहका पदाधिकारी र कर्मचारीको बैदेशिक भ्रमण सम्बन्धी नीति, कानून, मापदण्ड बनाउने कार्य यस मन्त्रालयको कार्यक्षेत्र भित्र परेको छ । उल्लिखित व्यवस्था बमोजिम मन्त्रालयले स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको विदेश भ्रमण सम्बन्धी नियमावली २०७४ को मस्यौदा तयार गरी मा. मन्त्रीस्तरबाट स्वीकृत भई नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत हुने प्रकृयामा रहेको छ । सो नियमावली स्वीकृत भएपश्चात स्थानीय तहका पदाधिकारीहरु र कर्मचारीहरुको वैदेशिक भ्रमण स्वीकृत हुने प्रकृया सोही बमोजिम हुने नै छ ।

नेपालको संविधानको धारा ५९(६) को व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११४ र ११७ को व्यवस्था बमोजिम विदेशसँग सम्पर्क गर्दा स्थानीय तहले सम्पर्क मन्त्रालय मार्फत गर्नु पर्ने संवैधानिक र कानूनी प्रबन्ध रहेको छ । यसै अनुसार स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमण सम्बन्धी विषय सम्बन्धित स्थानीय तहबाट निर्णय भै मनोनयनको लागि मन्त्रालयमा आउने र मन्त्रालयले आवश्यक निर्णय हुने स्थापित परम्परा छ । हाल केही समय यता स्थानीय तहका कतिपय पदाधिकारी र कर्मचारीहरुको भ्रमण मनोनयन स्वीकृत नभई वा आफैं स्वीकृत गरी विदेश भ्रमण गर्ने गरेको पाईएकोले यस मन्त्रालयको ध्यानाकर्षण भएको हो ।

सरकारी प्रतिनिधिको हैसियतमा विदेश भ्रमण गर्ने विषय राज्यको लागि अत्यन्त संवेदनशील विषय भएकोले सवै तहका सरकारले यस विषयमा सचेत रहनुपर्ने हुन्छ । यस सन्दर्भमा नियमावली स्वीकृत नभएसम्म स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुले औचित्यता, सान्दर्भिकता, मितव्ययिता र पदीय मर्यादालाई समेत

Scanned by CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदवार, काठमाण्डौ

(योजना शाखा)

प.सं.: ०७४।७५ यो

च.नं

ख्याल गरी बैदेशिक भ्रमणको निर्णय गर्नुपर्ने, अनिवार्य रुपमा मन्त्रालयबाट भ्रमण मनोनयन स्वीकृत गरेर मात्र भ्रमण गर्नु हुन र त्यस्ता भ्रमणको अभिलेखिकरण गर्ने तथा यस्ता भ्रमणको लगत मन्त्रालयमा व्यवस्थित गर्नु पर्ने भएकोले सात (७) दिनभित्र यस अघि भएका विदेश भ्रमण सम्बन्धी देहायको विवरणहरु उपलब्ध गराई दिनु हुन नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७४/१२/२१ को निर्णय अनुसार अनुरोध छ।

तपशील

(क) बैदेशिक भ्रमण भएको मुलुक, स्थानहरु ?

(ख) भ्रमणमा सहभागी पदाधिकारीहरु तथा कर्मचारीहरुको नाम र पद :

(ग) भ्रमण कार्यक्रम तथा आयोजक संस्थाको नाम :

(घ) भ्रमणको उद्देश्य र अवधि :

(ङ) वित्तीय श्रोतको व्यवस्थापन कसरी भएको हो ?

(च) सरकारी प्रतिनिधिको हैसियतमा हुने भ्रमणमा पदीय मर्यादा कायम गरिएको छ छैन ?

(छ) भ्रमणमा प्रयोग गरिएको राहदानी विशेष राहदानी (Official Passport) हो वा व्यक्तिगत (साधारण) हो ?

(ज) यस्ता भ्रमण कुन तहबाट, कुन कानुनको आधारमा निर्णय भएको हो ?

२०७४/१२/२१

(नारायण प्रसाद रिसाल)

उप सचिव

Scanned by CamScanner